# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

नेपाल राष्ट्र बैंकको संचालक समितिको मिति २०७०/१०/२१ को निर्णय अनुसार नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको व्यवस्थापन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ को उपदफा (१) बमोजिम यस बैंकले नियन्त्रणमा लिई सोही दफाको उपदफा (२) बमोजिम उक्त बैंकमा ३ जनाको व्यवस्थापन समिति गठन गरी बैंक संचालन गर्न जिम्मेवारी प्रदान भएकोमा नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७३।८।१९ गतेको निर्णयानुसार उक्त बैंकसंग चारवटा विकास बैंकहरू (ईन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लि., एपेक्स डेभलपमेण्ट बैंक लि., सुप्रिम डेभलपमेण्ट बैंक लि. तथा ईण्टरनेशनल डेभलपमेण्ट बैंक लि.) एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा अन्तिम स्वीकृति प्रदान भई मिति २०७३।९।१७ देखी एकीकृत वित्तीय कारोबार समेत प्रारम्भ भैसकेको छ । उक्त व्यवस्थापन समितिलाई दिइएको कार्यादेश बमोजिमको कार्य सम्पन्न गरी मिति २०७३।९।१८ गतेका दिन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ को उपदफा (५) बमोजिम उक्त संस्थाको शेयरधनीहरू मध्येबाट नयां संचालक समिति गठन गरी सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने कार्य सम्पन्न गरी यस बैंकको व्यवस्थापन समूह फिर्ता भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नारायण प्रसाद पौडेल
प्रवक्ता
नेपाल राष्ट्र बैंक

मितिः २०७३/९/१८